नेपाल सरकार
राष्ट्रिय योजना आयोगको सचिवालय
सिंहदरबार, काठमाडौं

**प्रेस विज्ञप्ति**

आगामी तेह्रौ आवधिक योजना (२०७०/७१–२०७२/७३) लाई दृष्टिगत गरी राष्ट्रिय विकास परिषद्को बैठक २०७० असार २१ र २२ गते काठमाडौंमा सम्पन्न भयो । मन्त्रिपरिषद् तथा राष्ट्रिय विकास परिषद्का सम्माननीय अध्यक्ष श्री खिलराज रेग्मीज्यूबाट बैठकको उद्घाटन भयो । उद्घाटन शत्रमा नेपाल सरकारका अर्थ सचिव तथा परिषद् सदस्य श्री शान्तराज सुवेदी, मुख्य सचिव तथा परिषद् सदस्य श्री लिलामणि पौड्यालले मन्तव्य राख्नु भएको थियो भने सदस्य सचिव श्री युवराज भुसालले परिषद्को बैठक र तेह्रौ त्रिबर्षीय योजनाको पृष्ठभूमि र परिषद्को यस बैठकका बिषयवस्तु बारेमा प्रष्ट पार्नु भएको थियो । उद्घाटन शत्रमा नेपाल सरकारका मन्त्रीहरु, संवैधानिक निकायका प्रमुखहरु, सुरक्षा निकायका प्रमुखहरु लगायत विदेशी कुटनीतिक नियोगका प्रमुख तथा विकास साझेदार निकायका प्रमुख एवम् प्रतिनिधिहरु समेतको उपस्थिति थियो ।

बैठकको पहिलो शत्रमा तेह्रौ आवधिक योजना (२०७०/७१–२०७२/७३) तर्जुमाका सन्दर्भमा राष्ट्रिय योजना आयोगले विभिन्न तहमा छलफल एवम् परामर्श गरी तयार गरेको आधारपत्रको मस्यौदा माथि आयोगका माननीय उपाध्यक्ष डा. रवीन्द्र कुमार शाक्यले संक्षिप्त प्रस्तुतीकरण गर्नु भयो । सो आधारपत्र उपर परिषद्का सदस्यहरु, आमन्त्रित विज्ञ एवं पेशागत संघ संगठनका प्रतिनिधिहरु, विश्वविद्यालयका उपकुलपतिहरु, विभिन्न आयोग/ निकायका प्रमुख तथा प्रतिनिधिहरुले आ–आफ्नो धारणा, सुझाव एवम् टिप्पणी राख्नु भयो ।

दोस्रो शत्रमा पाँचवटा बिषयगत क्षेत्र (Thematic Area) हरु (समष्टिगत आर्थिक क्षेत्र, पूर्वाधार विकास तथा वातावरण, कृषि तथा ग्रामीण विकास, अन्तर सम्वन्धित् विकास, सुशासन, अनुगमन तथा मूल्यांकन र सामाजिक विकास) मा समूहगत छलफल गराइएको थियो ।

तेस्रो शत्रमा समुहगत प्रस्तुतीकरणलाई सम्माननीय अध्यक्षज्यूको अध्यक्षतामा प्रस्तुति एवम् छलफल गरियो ।

यसैगरी समापन शत्रको कार्यक्रम सम्माननीय अध्यक्षज्यूको अध्यक्षतामा सञ्चालन भयो । सो शत्रमा माननीय उपाध्यक्षज्यूबाट छलफलका क्रममा उठेका जिज्ञासाहरुको प्रत्युत्तर सहित आफ्नो मन्तव्य राख्नु भएको थियो भने परिषद्का सदस्य सचिवले उपस्थित पदाधिकारीहरु, सदस्य एवम् अन्य आमन्त्रित महानुभावहरुलाई सहभागिता एवम् रचनात्मक सुझावका लागि धन्यवाद ज्ञापन गर्नु भयो । परिषद्का सम्माननीय अध्यक्षज्यूको समापन मन्तव्य सहित राष्ट्रिय विकास परिषद्,२०७० को बैठक **राष्ट्रिय योजना आयोगबाट प्रस्तुत गरिएको तेह्रौं (त्रिबर्षीय) योजना (२०७०/७१–२०७२/७३) को आधारपत्रको मस्यौदामा छलफल भई प्रस्तुत भएका राय/सुझावहरूलाई समेटी परिमार्जन सहित पारित गर्न आयोगलाई निर्देशन गर्दै** सम्पन्न भयो । सम्माननीय अक्ष्यक्षज्यूको उद्घाटन र समापन मन्तव्य यसैसाथ संलग्न छ ।

पुरुषोत्तम घिमिरे
सह–सचिव तथा प्रवक्ता
राष्ट्रिय योजना आयोगको सचिवालय
२०७०/३/२२